आज हामी शोकमा छौं

annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १३०, पृष्ठ १० | काठमाडौं, सोमबार २२ भदौ २०८३ | भाद्र कृष्णपक्ष एकादशी नेपाल संवत् ११४६ | MONDAY, SEPTEMBER 7, 2026 | मूल्य : रु. १०

भोटेकोशी वितण्डा, सभ्यतामाथिको संकट

भोटेकोशी जलप्रलयको आज १३औं दिन अर्थात् राष्ट्रिय शोक दिवस। भदौ १० को भोटेकोशी बाढीले हजारौंको ज्यान लियो। हजारौं बेपत्ता छन्। भौतिक क्षति त कति हो कति। भोटेकोशी विपद्ले मानव सभ्यतामाथि संकट नै निम्त्यायो। अकल्पनीय क्षतिपछि उद्धार र राहतको काम त सरकारले अघि बढाएको छ। तर, पुनर्स्थापना र पुनर्निर्माणको काम कहिले र कसरी अघि बढ्ला भनेर पीडितहरू चिन्तित छन्।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
देवचन्द्र भट्ट | *नुवाकोट*
हेमनाथ खतिवडा | *रसुवा*









कसरी आउँछ विपद् क्षतिपूर्तिको पैसा ?

नितु घले | *काठमाडौं*

भोटेकोशी महाविपत्तिपछि नेपालले जलवायुजन्य हानिनोक्सानीबापत क्षतिपूर्तिको मुद्दा गम्भीर रूपमा उठाएको छ। प्रधानमन्त्री बालेन (वालेन्द्र) शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा पनि जलवायुप्रेरित घटनाको न्यायको माग गम्भीरतापूर्वक उठाउने तयारी गरिरहेका छन्। तर, सजिलो छ त जलवायु विपद्पछिको पैसा नेपालले पाऊन् ? विज्ञहरू भन्छन्, 'सामान्यत: जलवायुजन्य घटनापछि हरित जलवायु कोष, अनुकूलन कोषलगायत विभिन्न कोषमा क्षतिपूर्ति दाबी गर्न सकिन्छ। नेपालजस्तै समस्या भोग्ने अन्य देशहरूले पनि क्षतिपूर्तिको दाबी गरेका हुन्छन्। तर, यसका लागि प्रस्तावना लेख्ने, अनुसन्धान गर्नेदेखि निकै लामो समय खर्चिनुपर्छ। यसको प्रक्रिया निकै लामो हुन्छ।' त्यसैले यस्तो समस्या समाधान गर्नका लागि हानिनोक्सानी कोषको स्थापना भएको छ। यस कोषमा विपद् आएपछि क्षतिपूर्ति माग गर्न सकिन्छ।

कम विकसित देशहरूको सहायता टोली (एलडीसी) का प्रमुख मन्जित ढकालका अनुसार हानिनोक्सानी कोष आफैंमा पनि पर्याप्त रकम नभएको कोष हो। तर, भोटेकोशी बाढीजस्तो विपद् आउन सक्छ भनेर कोषको रकम खर्च गर्न शीघ्र वितरण ढाँचा (ज्यापिड डिस्बर्समेन्ट मोडालिटी) तयार गरिएको छ। उक्त मोडालिटीअनुसार कुनै पनि देशमा विपद् पर्दा झन्झटिलो प्रक्रिया नबनाई सजिलोसँग वित्त प्रवाह गर्ने भनेर सुरुवात गर्न खोजिएको छ। उक्त कोषमा कृषि, वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयले क्षतिपूर्तिबापत रकम माग गर्दै पत्राचार गरिसकेका छन्। अन्य देशमा पनि यस्तै खालका विपद् आएमा उनीहरूले पनि दु:ख नपाऊन् भनेर उक्त मोडालिटी तयार गरिएको हो। 'तर हानिनोक्सानी कोषमा भएको रकम अत्यन्त न्यूनमात्र छ। यसले हाम्रो मागलाई सम्बोधन गर्न सक्दैन,' ढकालले थपे, 'त्यसैले पनि अन्य दातृनिकाय तथा अन्तर्राष्ट्रिय सहयोगको खाँचो पर्छ। भोटेकोशीको बाढीको प्रारम्भिक अनुसन्धानले ४ देखि ५ बिलियन डलर क्षति गरेको छ। उक्त रकम हानिनोक्सानी कोषले दिन सक्दैन।'

प्रकृति रिसोर्स सेन्टरका कार्यकारी निर्देशक राजु पण्डित क्षेत्रीका अनुसार भोटेकोशी बाढीभन्दा पहिला नै जलवायुजन्य समस्या सम्बोधन गर्न ८६ बिलियन डलर चाहिने भनेर नेपालको राष्ट्रिय निर्धारित लक्ष्यमा बताइएको छ। तर, नेपालले हालसम्म करिब ५ सय मिलियन डलर मात्रै प्राप्त गरेको छ। त्यसैले पनि यस्तो संवेदनशील महाप्रलयको विषयमा प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा सम्बोधन गर्दा संसारले सुन्छ।

'नेपालले कस्तो समस्या भोगिरहेको छ भन्नेलगायतका विषयमा स्पष्ट पार्नुपर्छ,' क्षेत्रीले भने। तर, उनले सम्बोधन गर्दैमा सहयोगको ओइरो भने नलाग्ने बताए। क्षेत्री भन्छन्, 'नेपालले जलवायुजन्य घटनामा एक्लै लड्न सक्दैन। त्यसैले जलवायुजन्य घटना घट्न नदिन उत्सर्जन धेरै गर्ने देशहरूलाई उत्सर्जन कटौती गर्न उत्तरदायी बनाउनुपर्ने हुन्छ,' क्षेत्रीले भने।

» बाँकी पृष्ठ ६

जलविद्युत् आयोजनामा ६७ अर्ब बढीको क्षति

बंगलादेश निर्यात ठप्प

भवनाथ प्याकुरेल | *काठमाडौं*

यतिबेला छिमेकी मुलुक बंगलादेशमा ४० र भारतमा १ हजार २ सय मेगावाट बिजुली निर्यात हुन्थ्यो। त्यसबापत बंगलादेशबाट मात्रै दैनिक ७६ लाख रुपैयाँ नेपालले पाउँथ्यो। तर, भोटेकोशी बाढीले रसुवा र नुवाकोटका एक दर्जन जलविद्युत् आयोजनामा क्षति पुऱ्याएपछि बंगलादेश निर्यात बन्द भएको छ। उता भारतमा २ सय मेगावाट विद्युत् कम निर्यात भइरहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। जसबाट दैनिक ३ करोड ५३ लाख रुपैयाँ घाटा बेहोर्नु परिरहेको छ।

भोटेकोशी बाढीपछि सञ्चालनमा रहेका र निर्माणाधीन जलविद्युत् आयोजनामा ६७ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक आकलन गरिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार सरकारी र निजी क्षेत्रका १२ जलविद्युत् आयोजनामा क्षति पुगेको छ। ती आयोजनाको कुल जडित क्षमता ६६९ मेगावाट हो। मन्त्रालयका प्रवक्ता शालिग्राम भण्डारीका अनुसार जलविद्युत् आयोजना र सबस्टेसनमा भएको क्षतिको प्रारम्भिक विवरणका आधारमा ६७ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको छ। वितरण लाइनमा भएको क्षति भने उक्त रकममा समावेश गरिएको छैन। 'वितरण लाइनबाहेक जलविद्युत् आयोजना र सबस्टेसनमा मात्रै ६७ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक विवरण आएको छ,' भण्डारीले भने, 'क्षतिको विस्तृत विवरण संकलन तथा मूल्यांकनको काम भइरहेको छ।' स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)ले भने २६ अर्ब ७६ करोड मात्र क्षति भएको जनाएको छ।

इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले एक मेगावाट विद्युत् आयोजना बनाउन २० करोडले दरले १ सय ३३ अर्ब ८० करोड रुपैयाँ हुन आउने र त्यसको २० प्रतिशत क्षति हुँदा पनि २६ अर्ब ७६ करोड क्षति भएको डाँगीको अनुमान छ। उनले बिमाको हिसाब गर्दा पनि यति नै क्षति हुन आउने तर्क गरे। 'हामीले प्रारम्भिक आकलन गरेको हुनाले यसमा घटबढ हुन सक्छ,' उनले भने।

बाढी तथा पहिरोबाट केही आयोजना पूर्णरूपमा प्रभावित भएका छन् भने केही आयोजनाका प्रमुख संरचनामा क्षति पुगेको मन्त्रालयले जनाएको छ। आयोजनाका बाँध, इन्टेक, पावरहाउस, सुरुङ, पाइपलाइन, पहुँचमार्गलगायत संरचनामा क्षति पुगेको प्रारम्भिक विवरण छ। निर्माणाधीन आयोजनामा निर्माण सामग्री तथा निर्माणसँग सम्बन्धित संरचनामा समेत क्षति पुगेको छ। सञ्चालनमा रहेका आयोजनामा संरचना क्षतिग्रस्त हुँदा विद्युत् उत्पादन प्रभावित भएको छ।

» बाँकी पृष्ठ ६

शोकसँगै रोगको डर

दिनेश गौतम | *काठमाडौं*

भोटेकोशीको बाढीले घरबारमात्र बगाएन, विस्थापितको स्वास्थ्य पनि जोखिममा पारेको छ। आफ्नो थातथलो छाडेर अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर)मा बसिरहेकाहरू शारीरिक एवं मानसिक समस्यासँग जुध्दै छन्।

बाढी प्रभावित क्षेत्रमा खटिएका चिकित्सकका अनुसार, कसैलाई ज्वरो आएको छ भने कसैमा पेटको संक्रमण देखिन थालेको छ। बाढीको त्रास र आफन्त गुमाउनुको पीडाले धेरैको मन पनि अशान्त छ। मनमा चिन्ता लिएका विस्थापितहरू विभिन्न स्वास्थ्य जोखिमसँग पनि जुध्नुपर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। पछिल्लो २४ घण्टामा रसुवा र नुवाकोट जिल्लामा १२ जना विस्थापितमा ज्वरो तथा खोकी पाइएको छ। त्यस्तै एक जनामा पेट तथा आन्द्रामा अचानक हुने संक्रमण (एक्युट ग्यास्ट्रोएन्टेराइटिस) देखिएको छ। बाढीपछि खानेपानी र सरसफाइमा आएको समस्याले पानीजन्य रोगको जोखिम बढाएको स्वास्थ्यकर्मीहरू बताउँछन्।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाका अनुसार, बाढी प्रभावित क्षेत्रमा आकस्मिक चिकित्सकीय टोली परिचालन गरिएको छ। १३ वटा सक्रिय टोलीमा १ सय ७० जना स्वास्थ्यकर्मीहरू रहेका छन्। त्यस्तै पहुँचमा कठिनाइ भएका क्षेत्रमा मोबाइल स्वास्थ्य टोली परिचालन गरिएको छ। मोबाइल स्वास्थ्य टोलीबाट हालसम्म २ सय ७८ जनाले सेवा पाएका छन्। जसमध्ये २ सय २ जना महिला र ७६ जना पुरुष रहेका छन्। भदौ १० गतेको बाढीपीडितहरूमध्ये दीर्घरोगीहरूलाई काठमाडौं रेफर गर्न थालिएको छ। रसुवाको ठूलो स्याफ्रु निवासी दमकाबिरामी ङ्वाङ नामग्याल तामाङको स्वास्थ्य अवस्था जटिल बन्दै गए पछि नेपाली सेनाको हेलिकोप्टरमार्फत आइतबार काठमाडौं ल्याइएको छ।

» बाँकी पृष्ठ ६